# जनकपुरधाम उप-महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

पत्र संख्या: ०८०/८१
चलानी नं. ५५03

फोन नं. : ०४१-५२०१४६, ५२०५१०
फ्याक्स-यन्त्र: ०४१-५२०५२०, ५२००११

मिति: २०८०/०४/३०

श्री सम्पूर्ण निजी तथा संस्थागत स्वास्थ्य संस्थाहरु,
जनकपुरधाम, धनुषा ।

**विषय: स्वास्थ्य संस्थालाई अनलाईन प्रणालीमा आबद्ध गराउने बारे ।**

प्रस्तुत विषयमा यस उप-महानगरपालिकाको कार्य क्षेत्र भित्र सञ्चालनमा रहेका सबै निजी तथा संस्थागत स्वास्थ्य संस्थाहरु स्वास्थ्य कार्यालय, धनुषा, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश वा जुनसुकै निकायबाट लिएको सञ्चालन अनुमति प्राप्त सबै अनलाइन विवरण अध्यावधिक नगरेका स्वास्थ्य संस्थाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेका र स्थानीय तह मार्फत व्यवस्थित गरिएको अनलाईन एप्स (Health Facility Registry) मा संस्थाको विवरण अध्यावधिक गर्न सम्पर्क गरी समयमा अपडेट गरी दिनुहुन अनुरोध छ । यसमा दर्ता भएका स्वास्थ्य संस्थालाई मात्र पुन: सञ्चालन अनुमति प्रदानका लागि सिफारिस गरिनेछ ।

तपसिल:

सम्पर्क नं. ९८१६५०६७८९

*संलग्न राख्नुपर्ने कागजात:*

१. सञ्चालन अनुमति वा नवीकरण पत्र र संस्था दर्ताको प्रमाणपत्रको फोटोकापी

२. मासिक प्रतिवेदन

...नेश शर्मा
प्रमुख प्रशासकीय अधिकृत

***बोधार्थ:***

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाण्डौ: जानकारीका लागि ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश: जानकारीका लागि ।

श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेश प्रदेश: जानकारीका लागि ।

श्री स्वास्थ्य कार्यालय, जनकपुरधाम, धनुषा: जानकारीका लागि ।

श्री सूचना प्रविधि शाखा, जनकपुरधाम उप-महानगरपालिका, जनकपुरधाम, धनुषा: पत्रलाई सबै सूचना प्रविधि माध्यमबाट प्रचारमा ल्याउन अध्यावधिक गरिदिनुहुन ।

# जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या: ०८०/८१
चलानी नं. ५९०४

फोन नं. : ०४१-५२०१४६, ५२०५१०
वारुण-यन्त्र: ०४१-५२०५२०, ५२००११


मिति: २०८०/०४/३०

श्री सम्पूर्ण निजी स्वास्थ्य संस्थाहरु,
जनकपुरधाम, धनुषा ।

**विषय: अनुमति लिएर मात्रै स्वास्थ्य संस्था सञ्चालन गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा (२२) मा गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले तोकिए बमोजिमको इजाजत लिएर मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने र सोही ऐनको दफा (२१) मा ऐन प्रारम्भ हुनुपूर्व स्थापना भइ सञ्चालनमा रहेको स्वास्थ्य संस्थाहरुले पनि स्वास्थ्य संस्था तथा सेवा सम्बन्धी मन्त्रालयले निर्धारण गरेको न्यूनतम मापदण्ड पुरा गरी अनुमति लिएर सञ्चालन गर्नुपर्नेछ भनि प्रष्ट उल्लेख भएको छ ।

यसै सम्बन्धमा यस जनकपुरधाम उप-महानगरपालिका अन्तर्गत सञ्चालनमा रहेका र नयाँ सञ्चालन गर्न चाहने स्वास्थ्य संस्थाहरुलाई अनिवार्य रुपमा तोकिएको मापदण्ड पूरा गरी यही आउदो २०८० भाद्र १५ गते भित्र सञ्चालन अनुमति लिए मात्रै सञ्चालन गर्न अनुरोध गरिन्छ । साथै मिति २०८०/०५/१५ पश्चात् सम्बन्धित निकायमा दर्ता नभई अवैध रुपमा निजी स्तरका अस्पताल, स्वास्थ्य संस्था, मापदण्ड पूरा नगरेका, अस्पतालले कम शैयाको अनुमति लिइ बढी शैया सञ्चालन गरिरहेका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा प्रकाशित स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७० (घ) बमोजिम विपन्न, असहाय, बेवारिसे व्यक्तिलाई कुल शैयाको १०% शैया छुट्याई निःशुल्क उपचार गराउनुपर्ने प्रावधान पालना नभएको र तोकिएको मापदण्ड विपरीत देखिएमा जनकपुरधाम उप-महानगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका २०७८ को दफा (१०) गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था अनुसार कारवाही भइजाने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

रमेश शंशि २०८०/४/३१
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

*सादर अवगतार्थ:*
श्रीमान् नगर प्रमुखज्यू, जनकपुरधाम उप-महानगरपालिका
श्रीमान् नगर उपप्रमुखज्यू, जनकपुरधाम उप-महानगरपालिका
श्रीमान् सामाजिक विकास समितिका संयोजकज्यू, जनकपुरधाम उप-महानगरपालिका